# वार्षिक बजेट तथा कार्यक्रम

## आ.व.-२०८३/०८४

दिप्रुङ चुइचुम्मा गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

याङसोलाटार

कोशी प्रदेश, खोटाङ

२०८३ असार २७ गते

CamScanner

आदरणीय गाउँसभाका अध्यक्ष ज्यू,

सभाका सचिव ज्यू,

सभाका सदस्य ज्यूहरु ।

यस गरिमामय गाउँसभाको उत्ताइसौं अधिवेशनमा सभाको उपाध्यक्षको हैसियतले आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरव र थप कर्तव्यबोध महसुस गरिरहेको छु। हाम्रो जननिर्वाचित कार्यकालको यो चरण दिप्रुङ चुइचुम्मा गाउँपालिकाको विकास, समृद्धि र नागरिकको जीवनस्तर रूपान्तरणका लागि चालिएका नीतिगत कदमहरूको वस्तुगत समीक्षा गर्ने ऐतिहासिक चरण पनि हो। यो गरिमामय क्षणमा, नेपाली नागरिकको आत्मसम्मान र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने अमर सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछुं। साथै, दिप्रुङ चुइचुम्माको आर्थिक, सामाजिक र राजनीतिक चेतनाको विकासमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने आदरणीय अग्रजहरूप्रति उच्च आदर र कृतज्ञता व्यक्त गर्दछु। अग्रजहरूको दूरदर्शिता, त्याग र मार्गदर्शन नै न्यायपूर्ण समाज निर्माणका लागि हाम्रा प्रयासहरूको दृढ जग र प्रेरणाको स्रोत रहँदै आएको छ।

स्थानीय निर्वाचन २०७९ बाट निर्वाचित कार्यकालको चार वर्ष पूरा भएको छ। यस गाउँपालिकाको हामी जनप्रतिनिधिको रुपमा निर्वाचित हुनु अघिको अवस्था र आजको वर्तमान स्थितिलाई वस्तुगत एवं यथार्थपरक दृष्टिकोणबाट मूल्यांकन गर्दा अवश्य पनि ठूलो र सकारात्मक परिवर्तन स्पष्ट देख सकिन्छ। हामीले यस गाउँपालिकाको जिम्मेवारी सम्हाल्दै गर्दा यस अघिको निर्वाचित सरकारले सिर्जना गरेका वित्तीय तथा प्रशासनिक दायित्वहरूलाई समेत संस्थागत जिम्मेदारीका साथ आत्मसात् गर्दै, "**हाम्रो परिकल्पनाः समृद्ध दिप्रुङ चुइचुम्मा**" भन्ने दीर्घकालीन आकांक्षा र सही गन्तव्य तयार गरेर हामी दृढताका साथ सुरुवातदेखि नै अगाडि बढेका थियौं। कुनै नीतिगत अन्योल, अस्पष्टता वा दिशाहीनतामा नअल्झि, हामीले सुरुदेखि नै स्पष्ट मार्गचित्र र ठोस रणनीति तय गरी विकास र समृद्धिको यस यात्रामा हामी सम्पूर्ण जनप्रतिनिधिहरूले व्यक्तिगत वा दलीय संकुचनभन्दा माथि उठेर आपसी समन्वय, समझदारी र रचनात्मक सहकार्यको एउटा नयाँ राजनीतिक संस्कृतिको विकास गरेका छौं। जनप्रतिनिधिहरू बीचको यही अभूतपूर्व एकता, सहकार्य र सामूहिक नेतृत्वको बलमा नै गाउँपालिकाको विकास, समृद्धि र आम नागरिकको हितका पक्षमा दृढताका साथ ऐतिहासिक कामहरू सम्पादन गर्न सम्भव भएको छ। यही उच्च लोकतान्त्रिक संस्कृति र योजनाबद्ध कामको बलियो पद्धति बसाल्दै, पालिकाको सीमित वित्तीय अवस्थाका बीच नवीन

स्रोतहरूको व्यापक खोजी र कुशल परिचालन गर्ने रणनीति अवलम्बन गर्दै निश्चित गन्तव्यका आधारमा समतामूलक भौतिक पूर्वाधारको विकास, व्यवहारिक तथा गुणस्तरीय शिक्षाको जग, सबैको पहुँचमा पुग्ने भरपर्दो स्वास्थ्य सेवा, सामाजिक सुरक्षा र गरिबी निवारणका कार्यक्रमहरूलाई मुख्य प्राथमिकताको रूपमा स्थापित गर्दै ठोस योजना र कार्यक्रमहरू तय गरेर मूल संकल्पसहित हाम्रो कार्यकाल सुरु गरेका थियौं।

हामीले तय गरेको गन्तव्यको निकै नजिक पुग्न सफल भएका छौं। नागरिकका अपेक्षाहरू र आवश्यकताहरू हाम्रा सम्भावनाभन्दा बढी हुनु स्वाभाविक हो, तर एउटा स्थानीय तहले विकास र जनताको हितमा जति गर्न सक्छ, हामीले उपलब्ध स्रोत, विरासतमा सरेर आएका दायित्वहरूको व्यवस्थापन र आन्तरिक सामर्थ्यको सीमाभित्र रहेर आफ्नो अधिकतम योगदान दिएका छौं। जनताको अवस्था बदल्न र सिङ्गो गाउँपालिकाको मुहार फेर्न हाम्रो कार्यकालमा कुनै पनि नीतिगत संकुचन वा तत्परताको कमी रहेन। निष्ठा, श्रम र स्रोतको उच्चतम परिचालनमा हामीबाट कतै कुनै कसर बाँकी राखिएन। यद्यपि, वित्तीय साधनको सीमितता र बजेटको संकुचित परिधिका कारण नागरिकका वृहत् अपेक्षाहरू अनुरूपका सबै कामहरू एकैपटक सम्पन्न गर्न नसकिएको वस्तुगत यथार्थ प्रष्ट छ। अझै थुप्रै हाम्रो गाउँपालिकाको विकास र समृद्धिका लागि हामीले तयार गरेको रणनीतिक कार्यहरू गर्न बाँकी नै छन्। तर म स्पष्ट पार्न चाहन्छु कि यो नीतिगत खाडल इच्छाशक्तिको अभाव वा प्रयासको कमीले नभई, वित्तीय साधनको न्यूनता र स्रोत संकुचनले निम्त्याएको बाध्यात्मक परिस्थिति हो। गाउँपालिकाको आन्तरिक र बाह्य स्रोतको सीमा अनुसार हालसम्म गरिएका प्रयास र उपलब्धिहरूमा सन्तोष मान्दै थप परिष्कृत योजनाका साथ अगाडि बढ्ने प्रण हामी सबैले गर्नै पर्छ। "केही भएन केही हुन्न" भन्ने निराशाबाट होइन, भएका उपलब्धिहरूको रक्षा गर्दै पाइला-पाइलाबाट लामो गन्तव्यमा पुगिने यथार्थलाई हामी सबैले स्वीकार गर्नुपर्छ। हाम्रा आकांक्षाको चाङ ठूलो छ, स्रोत र साधनको सीमितताले प्राथमिकता निर्धारण गरी काम गर्नु पर्ने हुँदा कतिपय सम्बोधन गर्नै पर्ने कार्यक्रमहरू छुटेका हुन सक्छन्। यसलाई आगामी दिनमा स्रोत सुनिश्चित गरी सम्बोधन गर्न हामी दृढ छौं। यस कार्यकालको अन्तिम तिर आइपुग्दा विकास र समृद्धिको बलियो जग बसालेका छौं।

वर्तमान समयमा बजारमा देखिएको आर्थिक सुस्तता, बढ्दो महँगी, गरिबी र बेरोजगारीका कारण आम नागरिकमा एक प्रकारको निराशा छाएको तथ्य हाम्रा सामु छिपेको छैन। एकातिर विकास समृद्धिको सपनाहरू पहाड जस्तो उभिएको छ भने अर्को तिर विपन्न र श्रमजीवी नागरिकहरूको दैनिक जीवन निर्वाह झन्झन् कष्टकर बन्दै गइरहेको छ। यी सवालहरूलाई उपलब्ध वित्तीय स्रोत, साधनको सीमाभित्र रहेर सकेसम्म सम्बोधन गर्ने गरी बजेट तथा कार्यक्रम तय गरिएको छ।

CamScanner

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्ष २०८३/०८४ को आय प्रक्षेपण तथा क्षेत्रगत विनियोजनको विस्तृत विवरण यस सम्मानित सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**आय प्रक्षेपण तथा स्रोत विवरण**

- आगामी आर्थिक वर्ष २०८३/०८४ मा संघीय सरकार राजस्व बाँडफाँडतर्फ रु. ८ करोड ६२ लाख ४ हजार, वित्तीय समानीकरण अनुदानतर्फ रु. ९ करोड ३३ लाख, समपूरक अनुदानतर्फ रु. २ करोड १ लाख, विशेष अनुदानतर्फ रु. १ करोड, र सशर्त अनुदानतर्फ रु. २७ करोड ३ लाख मात्र यसैगरी प्रदेश सरकार राजस्व बाँडफाँडतर्फ रु. ६८ लाख ८९ हजार ६ सय, वित्तीय समानीकरणतर्फ रु. ८२ लाख ५४ हजार, समपूरक अनुदानतर्फ रु. १ करोड ६० लाख, सशर्त अनुदानतर्फ रु. ५३ लाख ६७ हजार मात्र, गाउँपालिकाको आन्तरिक राजस्वतर्फ रु. ६० लाख ५० हजार मात्र र गत वर्षको नगद मौज्दाततर्फ रु. ६ करोड ५७ लाख, ६५ हजार ४ सय मात्र प्राप्त हुने प्रक्षेपसहित आगामी आर्थिक वर्षका लागि जम्मा रु. ५८ करोड ८२ लाख ३० हजार आय हुने प्रक्षेपण सहितको बजेट पेश गरेको छु।

**क्षेत्रगत तथा एकमुष्ठ बजेट विनियोजन (अद्यावधिक विवरण)**

*सडक तथा यातायात पूर्वाधार*

गाउँपालिकाको सवारी आवतजावत, आयात–निर्यात, रोजगारी सृजनाको व्यवस्थापनका लागि रमाइलो-पंचमी बजार-छितापोखरी सडक, भण्डारे खिसाखा प्लस टु सडक, रिभुदेखि टेम्मा जिरो प्वाइन्ट सडक ग्राभेल, दुधिले भञ्याङ्ग काल्सिङ खोला सडक, वडागत सडक पुँजीगत योजनाहरू, सातै वडाका सडक मर्मत आयोजनाहरूका साथै संघीय समपूरक अनुदान तर्फका रमाइलो-पंचमी बजार-छितापोखरी-काल्सिङ खोला सडक (रु. १ करोड ५ लाख), भण्डारे खिसाखा प्लस टु सडक (रु. ९६ लाख), प्रदेश समपूरक अनुदान तर्फको रमाइलो-पंचमी बजार-छितापोखरी-काल्सिङ खोला सडक (रु. १ करोड ६० लाख) र सशर्त पूँजीगत अनुदान अन्तर्गतको टुवाखोला झोलुङ्गे पूल (रु. १० लाख) समेतका लागि एकमुष्ठ रु. १० करोड ४५ लाख ८५हजार बजेट व्यवस्था गरेको छु।

## *कृषि पशुपालन तथा चिस्यान केन्द्र प्रवर्द्धन*

कृषि तथा पशुपालन क्षेत्रमा लगानी गरी स्वरोजगार प्रवर्द्धन एवं उत्पादन वृद्धिका माध्यमबाट गाउँपालिकाको आर्थिक समृद्धिका लागि कृषि तथा पशुविकास कार्यक्रम, करण कृषि फर्म चिस्यान केन्द्र साझेदारी, वडास्तरीय टनेला र प्रेसर खरिद कार्यक्रमका साथै प्रदेश सशर्त अनुदान अन्तर्गतका टिमुर खेती क्षेत्र विकास कार्यक्रम (रु. ५ लाख), अलैची खेती प्रवर्द्धन योजना कुलागाउँ (रु. ५ लाख), अलैची खेती प्रवर्द्धन योजना बार्लाङ (रु. ५ लाख), प्राङ्गारिक खेती प्रवर्द्धन/जैविक मल अनुदान कार्यक्रम (रु. ७ लाख) र पशुपन्छी खोप कार्यक्रम संचालन व्यवस्थापन (रु. ४५ हजार) समेतका लागि एकमुष्ठ रु. १ करोड १३ लाख ४५ हजार विनियोजन गरेको छु।

## *भाषा संस्कृति धार्मिक तथा ऐतिहासिक सम्पदा संरक्षण*

सांस्कृतिक विविधता एवं ऐतिहासिक सम्पदाहरूको संरक्षण, देवाली कुल पूजा मन्दिर निर्माण, साकेला थान व्यवस्थापन, तामाङ गुम्बा पिप्ले, माझी कुलथान मन्दिर, भुजेल भाषा संस्कार संस्कृति प्रवर्द्धन, बोफ्लु तामाङ समुदायको मलामी घर निर्माण तथा वडास्तरीय विभिन्न देवीथान/मन्दिर/पाटी निर्माण समेतका लागि एकमुष्ठ रु. ५३ लाख १० हजार बजेट विनियोजन गरेको छु।

## *खानेपानी सिचाई तथा पर्यावरण*

नागरिकहरूको स्वास्थ्य र सहजीकरणका लागि गाउँपालिका स्तरीय साना तथा मझौला खानेपानी योजना, सिचाई योजना, मार्से दिलैछी खानेपानी, अम्लिसे कुलो मर्मत, मझौ भुजेल खानेपानी, धापडाँडाँ टयाङ्की निर्माण तथा वडास्तरीय विभिन्न खानेपानी मुहान, टयाङ्की र सिचाई कुलो मर्मत समेतका लागि एकमुष्ठ रु. ७२ लाख ४० हजार रकम विनियोजन गरेको छु।

## *स्वास्थ्य सेवा तथा आकस्मिक उपचार*

नागरिकहरूको स्वास्थ्य संवेदनशीलतालाई मध्यनजर गर्दै आकस्मिक उपचार तथा प्रेषण सेवालाई सुदृढ गर्न एम्बुलेन्स खरिद र स्वास्थ्य चौकी, जोगीडाँडा खेलमैदान सडक निर्माणका लागि एकमुष्ठ रु. २० लाख रकम विनियोजन गरेको छु।

CamScanner

## शैक्षिक विकास तथा शैक्षिक पूर्वाधार

शिक्षा क्षेत्रको दिगो एवं समग्र विकासका लागि शैक्षिक विकास कार्यक्रम अन्तर्गत भवन तथा पूर्वाधार निर्माण, पञ्चकन्या आ.वि. बातिखुम घेराबारा सहितको खेलमैदान तथा ट्रस निर्माण, आवासीय विद्यालय व्यवस्थापन, चण्डि निकेतन आ.वि. व्यवस्थापन, जनचेतना आ.वि. भित्तेलेखन, विद्यालय वाल निर्माणका साथै स्थानीय पाठ्यपुस्तक निर्माण छपाई, शैक्षिक छात्रवृत्ति कार्यक्रम, स्वयम्सेवक शिक्षक, कम्प्युटर शिक्षक, बा. बि. के., का. स. र लेखा कर्मचारीहरूको थप तलब व्यवस्थापन एवं प्र.अ. भत्ता थपका साथै संघीय विशेष अनुदान अन्तर्गत विद्यालयहरूका लागि शौचालय, खानेपानी र घेराबार मर्मत (रु. १ करोड) र संघीय सशर्त पूँजीगत अन्तर्गत स्वीकृत गुरुयोजनाका आधारमा साझेदारीमा विद्यालय पूर्वाधार विकास (रु. ३० लाख) समेतका लागि एकमुष्ठ रु. ३ करोड ५४ लाख २५ हजार बजेटको व्यवस्था गरेको छु।

## प्रशासनिक भवन निर्माण तथा सुदृढीकरण

सार्वजनिक सेवा प्रवाहलाई भौतिक रूपमा व्यवस्थित र नागरिकमैत्री बनाउन वडा नं. २ को वडा कार्यालय भवन निर्माण कार्यका लागि एकमुष्ठ रु. ४० लाख बजेट विनियोजन गरेको छु।

## पर्यावरण, पर्यटन तथा सार्वजनिक उपयोगिता

गाउँपालिकाको पहिचान र आन्तरिक पर्यटन प्रवर्द्धनका लागि सुम्निमा पारुहाङ पार्क निर्माण, छितापोखरीमा सार्वजनिक शौचालय निर्माण तथा वडास्तरीय सहिदपार्क र समाधि पार्क जाने गोरेटो बाटो समेतका लागि एकमुष्ठ रु. २० लाख ५० हजार बजेटको व्यवस्था गरेको छु।

## समानुपातिक वडागत विकास (वडागत सिलिङ)

सन्तुलित, समानुपातिक एवं न्यायोचित विकासका लागि सातै वटा वडाहरूलाई न्यूनतम बाँडफाँड, राजस्व संकलन, क्षेत्रफल तथा जनसंख्याको आधारमा वडागत सिलिङ बमोजिम एकमुष्ठ रु. २ करोड ५ हजार विनियोजन गरेको छु।

## युवा, खेलकुद तथा प्रतिभा पहिचान

युवा तथा खेलकुद क्षेत्रको विकास, ओखे खेलमैदान मर्मत तथा व्यवस्थापन, नासिकु खेलमैदान मर्मत, वडास्तरीय खेलकुद कार्यक्रम, खेल मैदान ट्रस निर्माण, गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ

शिल्ड प्रतियोगिताका साथै प्रदेश सशर्त अनुदान अन्तर्गत खेल मैदान जाली बाल निर्माण मा.वि. डाडाखर्क (रु. १० लाख) र पंचमी खेल मैदान निर्माण योजना (रु. ८ लाख) समेतका लागि एकमुष्ठ रु. ४८ लाख रकमको व्यवस्था गरेको छु।

*सामाजिक सुरक्षा तथा जीवन निर्वाह भत्ता*

वर्तमानको चरम महँगी र आर्थिक संकटको मारमा परेका दिप्रुङ चुइचुम्मा भित्रका अति विपन्न र न्यून आय भएका लक्षित परिवारहरूको न्यूनतम खाद्यान्न र सामाजिक सुरक्षामा टेवा पुऱ्याउने उच्च लोककल्याणकारी उद्देश्यले विपन्न नागरिकका लागि जीवन निर्वाह भत्तावापत मात्र एकमुष्ठ रु. २ करोड ५० लाख रुपैयाँ बजेट विनियोजन गरेको छु।

*समतामूलक समाज तथा लक्षित वर्ग उत्थान*

समाजका पछाडि पारिएका वर्गहरूलाई मूल प्रवाहीकरणमा ल्याउन र स्वरोजगार प्रवर्द्धनका लागि राष्ट्रिय रोजगार कार्यक्रम साझेदारी, कुटानी पिसानी मिल खरिद, सातै वडाका लक्षित वर्ग, दलित, जनजाति एवं महिला विकास कार्यक्रमहरूका साथै प्रदेश सशर्त अनुदान अन्तर्गतका अपाङ्गता रोकथाम तथा पुनःस्थापन कार्यक्रम (रु. १२ लाख २२ हजार) र लैङ्गिक हिंसा निवारणका लागि संरक्षण कोष (रु. १ लाख) समेतका लागि एकमुष्ठ रु. ६२ लाख २२ हजार बजेट विनियोजन गरेको छु।

*विपद व्यवस्थापन*

सामाजिक-आर्थिक-पूर्वाधार-वन/वातावरण एवं विपद् व्यवस्थापनका सबै क्षेत्रहरूलाई समानुपातिक रुपमा समेट्ने गरी गाउँपालिका तथा सातै वडाको विपद व्यवस्थापनका लागि एकमुष्ठ रु. २७ लाख बजेटको व्यवस्था गरेको छु।

सभाध्यक्ष महोदय,

सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन गत आर्थिक वर्षदेखि राष्ट्रसेवक करार कर्मचारीहरुलाई प्रदान गरिँदै आइएको मासिक प्रोत्साहन भत्तालाई निरन्तरता दिँदै राष्ट्रसेवक करार कर्मचारीहरु र शैक्षिक जग बलियो बनाउन अहोरात्र खटिनुहुने विद्यालय कर्मचारी, लेखा कर्मचारी,

संघ तथा स्थानीय तह अन्तरगतका बालविकास सहजकर्ता तथा गाउँपालिकाको आन्तरिक स्रोतबाट नियुक्त स्वयम्सेवक शिक्षक/कम्प्युटर शिक्षकहरूको समेत आगामी २०८३ साउन १ बाट लागू हुने गरि शुरु तलबमानमा १०-१२% प्रतिशत तलब वृद्धि गरेको छु। साथै महिला स्वयंसेविकाहरुले यस अघि गाउँपालिकाबाट थप प्राप्त गर्दै आएको मासिक भत्ता तथा खाजा खर्च बापतको एकमुष्ट एक १ हजार १ सय ५० रुपैयालाई वृद्दि तथा समायोजन गरि मासिक रु १ हजार पाँच सय रुपैया मासिक भत्ता कायम गरेको छु ।

अन्त्यमा, यो बजेट तर्जुमा गर्ने क्रममा अमूल्य सुझाव दिनुहुने जनप्रतिनिधिहरू, राजनीतिक दलहरुका प्रमुख तथा प्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरू, नागरिक समाज र सम्पूर्ण आदरणीय दिप्रुङ चुइचुम्माबासी दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दै आर्थिक वर्ष २०८३/८४ को वार्षिक बजेट योजना तथा कार्यक्रमको अनुसुचि १,२, र ३ मा क्रमश आय विवरण, व्यय विवरण, गाउँपालिका स्तरिय पुजिगत आयोजना तथा कार्यक्रम साथै अनुसुचि ४,५ चालु कार्यक्रम, वडा स्तरीय योजना र अनुसुचि ६,७ मा संघिय सशर्त पुँजिगत, प्रदेश सशर्त चालु पुँजिगत, र अनुसुचि ८ मा संघिय तथा प्रदेश स्तरीय समपुरक र विशेष कार्यक्रमहरु संलग्न गरि पेश गरिएको बजेटको सबै सरोकारवाला पक्षहरुद्वारा रचनात्मक कार्यन्वयनको साझा प्रयत्न रहने विश्वास सहित यस सम्मानित सभा समक्ष पेश गरेको छु।

# दिप्रुङ चुइचुम्मा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

याङसीलाटार, खोटाङ

कोशी प्रदेश, नेपाल

## आर्थिक वर्ष २०८३/०८४ को आयको प्रक्षेपण

### अनुसूचि १

### आय तर्फ

| आय शिर्षक | | आर्थिक वर्ष २०८३/८४ को वास्तविक आय रकम | रकम अक्षरमा |
|---|---|---|---|
| संघीय सरकारको अनुदान | वित्तीय समानीकरण | ९३३००००० | नौ करोड तेत्तीस लाख |
| | राजस्व बाँडफाँड | ८६२०४००० | आठ करोड बैसट्ठी लाख चार हजार |
| | सशर्त अनुदान | २७०३००००० | सत्ताइस करोड तीन लाख |
| | समपुरक अनुदान | २०१००००० | दुई करोड एक लाख |
| | विशेष अनुदान | १००००००० | एक करोड |
| संघीय सरकारको जम्मा अनुदान | | ४७९९०४००० | सतचालीस करोड उनान्सय लाख चार हजार |
| प्रदेश सरकारको अनुदान | वित्तीय समानीकरण | ८२५४००० | बयासी लाख चौवन्न हजार |
| | सवारी कर बाँडफाँड | ६८८९६०० | अठ्सट्ठी लाख उनानब्बे हजार छ सय |
| | सशर्त अनुदान | ५३६७००० | त्रिपन्न लाख सतसट्ठी हजार |
| | समपुरक अनुदान | १६०००००० | एक करोड साठी लाख |
| | विशेष अनुदान | | |
| देश सरकारको जम्मा अनुदान | | ३६५१०६०० | तीन करोड पैसट्ठी लाख दश हजार छ सय |
| ण्णा फाउण्डेशन नेपाल | साझेदारी कार्यक्रम | | |
| न्तरिक आम्दानी | | ६०५०००० | साठी लाख पचास हजार |
| त वर्षको नगद मौज्दात | | ६५७६५४०० | छ करोड सन्ताउन्न लाख पैसट्ठी हजार चार सय |
| म्मा आन्तरिक श्रोत | | ७१८१५४०० | सात करोड एक लाख पन्ध्र हजार चार सय |
| | | | |
| स्तविक कुल आय | | ५८८२३०००० | अन्ठाउन्न करोड बयासी लाख तीस हजार |

दिप्रुङ चुइचुम्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
माझखोलाटार, खोटाङ
कोशी प्रदेश, नेपाल

## आर्थिक वर्ष २०८३/०८४ को व्ययको प्रक्षेपण

### अनुसूची २

### व्यय तर्फ

| व्यय शीर्षक | आर्थिक वर्ष २०८३/८४ को वास्तविक व्यय रकम | रकम अक्षरमा |
|---|---|---|
| वास्तविक चालु खर्च (पालिका र वडा) | १४५२८४००० | चौध करोड बिपन्न लाख चौरासी हजार |
| पालिका स्तरीय पुँजीगत योजना | १०७८९९०००.०० | दश करोड अठहत्तर लाख उनान्सय हजार |
| वडा स्तरीय पुँजीगत योजना | १३१८००००.०० | एक करोड एकतीस लाख असी हजार |
| पुँजीगत जम्मा खर्च | १२१०७९००० | एघार करोड बियानब्बे लाख उनासी हजार |
| सशर्त अनुदान जम्मा | २७५६६७००० | सत्ताईस करोड छपन्न लाख सड्सठी हजार |
| सशर्त अनुदान संघ कार्यक्रममा तोकिए बमोजिम | २७०३००००० | सत्ताइस करोड तीन लाख |
| सशर्त अनुदान प्रदेश कार्यक्रममा तोकिए बमोजिम | ५३६७००० | त्रिपन्न लाख सतसट्ठी हजार |
| विशेष अनुदान जम्मा | १००००००० | एक करोड |
| विशेष अनुदान संघ कार्यक्रममा तोकिए बमोजिम | १००००००० | एक करोड |
| विशेष अनुदान प्रदेश कार्यक्रममा तोकिए बमोजिम | - | - |
| समपूरक अनुदान जम्मा | ३६१००००० | तीन करोड एकसट्ठी लाख |
| समपूरक अनुदान संघ कार्यक्रममा तोकिए बमोजिम | २०१००००० | दुई करोड एक लाख |
| समपूरक अनुदान प्रदेश कार्यक्रममा तोकिए बमोजिम | १६०००००० | एक करोड साठी लाख |
| | | |
| | | |
| | | |
| | | |
| वास्तविक कुल व्यय जम्मा (क+ख+ग+घ+ङ) | ५८८२३०००० | अन्ठाउन्न करोड बयासी लाख तीस हजार |

दिप्लुङ चुइचुम्मा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

याङसोलाटार, खोटाङ

कोशी प्रदेश, नेपाल

## आ.व.२०८३/०८४ को गाउँपालिका स्तरीय पुजिगत आयोजना तथा कार्यक्रम

अनुसूची ३

| क्र.सं. | बजेट शिर्षक | विनियोजित रकम | अक्षेरुपी | श्रोत |
|---|---|---|---|---|
| १ | रमाइलो-पचमी बजार-छितापोखरी-कालिम्ङ खोला सडक (साझेदारी-अनिवार्य दायित्व) | २०००००० | तीन करोड | समानिकरण-संघ |
| २ | रमाइलो-पचमी बजार-छितापोखरी-कालिम्ङ खोला सडक (साझेदारी-अनिवार्य दायित्व) | १०००००० | एक करोड | आन्तरिक श्रोत |
| ३ | राष्ट्रिय रोजगार कार्यक्रम साझेदारी | १५००००० | पन्ध्र लाख | समानिकरण-संघ |
| ४ | कालिके खाल्टेम जाने सडक वडा नं ५ | ८००००० | आठ लाख | आन्तरिक श्रोत |
| ५ | कालिके समाधि देखि हरांबोटे सडक वडा नं ५ | ५००००० | पाँच लाख | समानिकरण-प्रदेश |
| ६ | शैक्षिक विकास कार्यक्रम (भवन तथा अन्य पूर्वाधार निर्माण) | ३०००००० | तीस लाख | समानिकरण-संघ |
| ७ | कृषि तथा पशुविकास कार्यक्रम | ७५००००० | पचहत्तर लाख | समानिकरण-संघ |
| ८ | भण्डारे खिसाखा प्लस टु सडक (साझेदारी-अनिवार्य दायित्व) | २५००००० | पच्चीस लाख | समानिकरण-संघ |
| ९ | गाउँपालिका स्तरीय साना तथा मझौला खानेपानी योजना र सिचाई योजना | ४०००००० | चालीस लाख | समानिकरण-संघ |
| १० | वडा कार्यालय भवन निर्माण वडा नं २ | ४०००००० | चालीस लाख | समानिकरण-प्रदेश |
| ११ | आहवोटेबाट ओखे सडक ग्राभेल | ७८९६०० | सात लाख उनानब्बे हजार छ सय | राजस्व-प्रदेश |
| १२ | आहवोटेबाट ओखे सडक ग्राभेल | १०४०० | दश हजार चार सय | आन्तरिक श्रोत |
| १३ | सुम्निमा पारुहाङ पार्क | १५००००० | पन्ध्र लाख | आन्तरिक श्रोत |
| १४ | पद्मकन्या आ.वि. वातिखुम घेराबारा सहितको खेलमैदान तथा ट्रस निर्माण | ९००००० | नौ लाख | समानिकरण-संघ |
| १५ | तृतिया छितापोखरी सडक ग्राभेल | २०००००० | बीस लाख | आन्तरिक श्रोत |
| १६ | एम्बुलेन्स खरिद | १५००००० | पन्ध्र लाख | आन्तरिक श्रोत |
| १७ | महेन्द्रोदय आ.वि. लिलिमा | ७००००० | सात लाख | समानिकरण-प्रदेश |
| १८ | महेन्द्रतारा आ.वि. मूलाबारी | ७००००० | सात लाख | आन्तरिक श्रोत |
| १९ | चिप्लुङ सिचाई आयोजना, टेम्मा | ९५४००० | नौ लाख चौउन्न हजार | समानिकरण-प्रदेश |
| २० | सडक बत्ती खरिद तथा जडान | ८००००० | आठ लाख | आन्तरिक श्रोत |
| २१ | वडा नं १, २ र ७ को सम्पूर्ण सडक सरसफाई/मर्मत | ९००००० | नौ लाख | समानिकरण-संघ |
| २२ | वडा नं ३ र ४ को सम्पूर्ण सडक सरसफाई/मर्मत | ७००००० | सात लाख | समानिकरण-संघ |
| २३ | वडा नं ५ र ६ को सम्पूर्ण सडक सरसफाई/मर्मत | ७००००० | सात लाख | समानिकरण-संघ |
| २४ | मखटे देउराली मझौ भेडिखोर सडक ग्राभेल | २२००००० | बाईस लाख | आन्तरिक श्रोत |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| २५ | मान्दाला दुवाखोला सडक | ७००००० | सात लाख | आन्तरिक श्रोत |
| २६ | करण कृषि फर्म बिस्थान केन्द्र साझेदारी | ३००००० | तीन लाख | आन्तरिक श्रोत |
| २७ | अम्लिसे कुलो मर्मत पाख्रा | ५००००० | पाँच लाख | आन्तरिक श्रोत |
| २८ | थ्री स्टार हाइड्रोपावर जाने सडक वडा नं ३ | ५००००० | पाँच लाख | समानिकरण-संघ |
| २९ | बल्थि निकेतन आ.वि. व्यवस्थापन | ५००००० | पाँच लाख | आन्तरिक श्रोत |
| ३० | कालिकोटे खड्का कुल पुजा भवन निर्माण वडा नं ५ | ३५०००० | तीन लाख पचास हजार | समानिकरण-संघ |
| ३१ | ज्यामिरे सडक मर्मत, टेम्मा | ५००००० | पाँच लाख | राजस्व-प्रदेश |
| ३२ | भन्ज्याङे बजार विस्तार सडक | ७००००० | सात लाख | समानिकरण-संघ |
| ३३ | स्वास्थ्य चौकी जोगीडाँडा खेलमैदान सडक | ५००००० | पाँच लाख | आन्तरिक श्रोत |
| ३४ | माझी कुलथान मन्दिर व्यवस्थापन तथा घेराबारा | ५००००० | पाँच लाख | आन्तरिक श्रोत |
| ३५ | जगनटार रेमिटार सडक मर्मत | ७००००० | सात लाख | राजस्व-प्रदेश |
| ३६ | बिभिन्न देवाली कुल पुजा मन्दिर निर्माण | १५००००० | पन्ध्र लाख | समानिकरण-संघ |
| ३७ | बोफ्लु तामाङ समुदायको मलामि घर निर्माण | ३००००० | तीन लाख | राजस्व-प्रदेश |
| ३८ | लहरेपर्चु हुँदै टिकारामको घर जाने बाटो मर्मत | १००००० | एक लाख | आन्तरिक श्रोत |
| ३९ | मार्से दिर्लिङ्गी खानेपानी योजना, वडा नं ७ | ५००००० | पाँच लाख | राजस्व-प्रदेश |
| ४० | सिलावती सिलापत्थर देवी घेराबार | १९५००० | एक लाख पन्चानब्बे हजार | समानिकरण-संघ |
| ४१ | तामाङ गुम्बा व्यवस्थापन पिप्ले | १००००० | एक लाख | आन्तरिक श्रोत |
| ४२ | नालिकु खेलमैदान मर्मत | ५००००० | पाँच लाख | आन्तरिक श्रोत |
| ४३ | गौरीशंकर जगतधर्ती साकेला सरस्वती मन्दिर निर्माण | ३००००० | तीन लाख | राजस्व-प्रदेश |
| ४४ | धापडाँडा ट्याङ्की निर्माण, वडा नं ५ | ३००००० | तीन लाख | राजस्व-प्रदेश |
| ४५ | टेम्मा जिरो प्वाइन्ट-गौरीखर्क-भागेटार-जोगी हुँदै खिरौले सडक स्तरोन्नती | ५००००० | पाँच लाख | राजस्व-प्रदेश |
| ४६ | सार्वजनिक शौचालय निर्माण, छितापोखरी | ३००००० | तीन लाख | आन्तरिक श्रोत |
| ४७ | लिडखर सामुदायिक संस्था जलजले सडक मर्मत,वडा नं ५ खुदुर्के | ५००००० | पाँच लाख | राजस्व-प्रदेश |
| ४८ | बरबोटे खानेपानी ट्याङ्की मर्मत , टेम्मा | २००००० | दुई लाख | आन्तरिक श्रोत |
| ४९ | लिभुवेखि टेम्मा जिरो प्वाइन्टसम्म सडक ग्राभेल | २०००००० | बीस लाख | आन्तरिक श्रोत |
| ५० | मगर सामुदायिक भवन निर्माण | ६००००० | छ लाख | आन्तरिक श्रोत |
| ५१ | आहाले हुँदै मलबाते सडक मर्मत | ५००००० | पाँच लाख | राजस्व-प्रदेश |
| ५२ | साकेला थान निर्माण तथा व्यवस्थापन मुलाबारी | १०००००० | दश लाख | आन्तरिक श्रोत |
| ५३ | मझौ भुजेल खानेपानी योजना | ३००००० | तीन लाख | आन्तरिक श्रोत |
| ५४ | पिपलडाँडा खानेपानी ट्याङ्की निर्माण | १५०००० | एक लाख पचास हजार | आन्तरिक श्रोत |
| ५५ | समाधि पार्क जाने गोरेटो बाटो वडा नं २ | १००००० | एक लाख | आन्तरिक श्रोत |
| ५६ | चनौटे ट्याङ्की निर्माण वडा नं ४ | ५००००० | पाँच लाख | राजस्व-प्रदेश |
| ५७ | ओखे खेलमैदान मर्मत तथा व्यवस्थापन, वडा नं २ | १५००००० | पन्ध्र लाख | आन्तरिक श्रोत |
| ५८ | गोगने सिंचाई मर्मत, वडा नं ६ | ५००००० | पाँच लाख | राजस्व-प्रदेश |
| ५९ | दुधिले भञ्याङ कल्सिङ खोला सडक | २५००००० | पच्चीस लाख | आन्तरिक श्रोत |
| ६० | रातोपानी सडक मर्मत, वडा नं ४ | ५००००० | पाँच लाख | राजस्व-प्रदेश |
| ६१ | दुरपली लहरे पैंयू सडक ग्राभेल, वडा नं १ | ५००००० | पाँच लाख | राजस्व-प्रदेश |

| | | | | |
|---|---|---|---|---|
| | गाउले खानेपानी मर्मत, वडा नं १ | १००००० | एक लाख | आन्तरिक श्रोत |
| २ | पुलिसहरा कमेरे गाउँ सिचाई | १००००० | एक लाख | आन्तरिक श्रोत |
| ३ | टेम्मा वडा कार्यालय भवन निर्माण क्रमागत | २८००००० | अठाईस लाख | समानिकरण-संघ |
| ४ | वडा नं ३ र वडा नं ६ को स्वास्थ्य भवन क्रमागत | ५००००० | पाँच लाख | समानिकरण-संघ |
| ५ | सिद्धदेवी आ.वि. भवन निर्माण क्रमागत | ३५०००० | तीन लाख पैंचास हजार | समानिकरण-संघ |
| ६ | कवाले खानेपानी योजना (क्रमागत) | १०००००० | दश लाख | समानिकरण-संघ |
| ७ | सरस्वती मा.वि. डाँडाखर्क भवन निर्माण (क्रमागत) | २५००००० | पच्चीस लाख | समानिकरण-संघ |
| ८ | खमारे खेलमैदान मर्मत/सम्भार (क्रमागत) | ६००००० | छ लाख | समानिकरण-संघ |
| ९ | दलित भवन शौचालय निर्माण (क्रमागत) | १००००० | एक लाख | समानिकरण-संघ |
| १० | दिलेझिपाट वडा कार्यालय सम्म सडक ग्राभेल (क्रमागत) | २०००००० | बीस लाख | समानिकरण-प्रदेश |
| ११ | महदपी खाजा घर, सिप्ले (क्रमागत) | १००००० | एक लाख | समानिकरण-प्रदेश |
| १२ | सरस्वती मा.वि. डाँडाखर्क भवन निर्माण | १७००००० | सत्र लाख | आन्तरिक श्रोत |
| १३ | मागमा आधारित कृषि अनुदान (गत वर्ष भुक्तानी दिन बाकी) | १००००० | एक लाख | आन्तरिक श्रोत |
| १४ | सहरे पधु हुँदै टेम्मा सडक ग्राभेल (क्रमागत) | १७००००० | सत्र लाख | आन्तरिक श्रोत |
| ५ | दुधिले पञ्चाह सडक ग्राभेल (क्रमागत) | १४००००० | चौध लाख | आन्तरिक श्रोत |
| ६ | पाखाटारी सिंचाई पाइप खरिद (क्रमागत) | २००००० | दुई लाख | आन्तरिक श्रोत |
| ७ ८ | राधा कृष्ण मन्दिर देखि वडा कार्यालय हुँदै चाराङ सम्म सडक ग्राभेल (भुक्तानी दिन बाकि) | ८००००० | आठ लाख | आन्तरिक श्रोत |
| ९ | कालोखान बालाचौर सडक तथा ट्र्याक (भुक्तानी दिन बाकि) | २५०००० | दुई लाख पैंचास हजार | आन्तरिक श्रोत |
| ० | पाईप खरिद, वडा नं ४ (क्रमागत) | ५००००० | पाँच लाख | आन्तरिक श्रोत |
| १ | अहाल डाँडा सडक पहिरो नियन्त्रण दिप्पुङ फुसुमुन्मा गैंपा, खोटाङ (भुक्तानी दिन बाकि) | ७००००० | सात लाख | आन्तरिक श्रोत |
| २ | कवाले खानेपानी योजना (भुक्तानी दिन बाकि) | २००००० | दुई लाख | आन्तरिक श्रोत |
| ३ | वडा कार्यालय,टेम्मा भवन मेसिनरी बाल निर्माण (भुक्तानी दिन बाकि) | १००००० | एक लाख | आन्तरिक श्रोत |
| ४ | महिला भवन मर्मत तथा व्यवस्थापन (भुक्तानी दिन बाकि) | १००००० | एक लाख | आन्तरिक श्रोत |
| ५ | वडा कार्यालय मिल खरिद, वडा नं ४ (भुक्तानी दिन बाकि) | १५०००० | एक लाख पैंचास हजार | आन्तरिक श्रोत |
| | जम्मा पुजिगत योजना | १०७८९९००० | दश करोड अठहत्तर लाख उनान्सय हजार | - |

# दिप्रुङ चुइचुम्मा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### गाडसोलाटार, खोटाङ
### कोशी प्रदेश, नेपाल

**आ.व.२०८३/०८४ को गाउँपालिका स्तरिय चालु आयोजना तथा कार्यक्रम**

**अनुसूची ४**

| क.सं. | बजेट शिर्षक | विनियोजित बजेट | अक्षरेपी | स्रोत |
|---|---|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी | ११०००००० | एक करोड दश लाख | राजस्व-संघ |
| २ | पारिश्रमिक पदाधिकारी | ५५००००० | पचपन्न लाख | राजस्व-संघ |
| ३ | पोशाक | १०००००० | दश लाख | राजस्व-संघ |
| ४ | स्थानीय भत्ता | ६००००० | छ लाख | राजस्व-संघ |
| ५ | महंगी भत्ता | ९००००० | नौ लाख | राजस्व-संघ |
| ६ | कर्मचारीको बैठक भत्ता | ४००००० | चार लाख | राजस्व-संघ |
| ७ | पदाधिकारी बैठक भत्ता | १५००००० | पन्ध्र लाख | राजस्व-संघ |
| ८ | पानी तथा बिजुली | ५००००० | पाँच लाख | राजस्व-संघ |
| ९ | सञ्चार महशुल (टेलिफोन, ईन्टरनेट, म्यानेजिङ सिस्टम) | ५००००० | पाँच लाख | राजस्व-संघ |
| १० | इन्धन कार्यालय प्रयोजन | १५००००० | पन्ध्र लाख | राजस्व-संघ |
| ११ | सवारी साधन मर्मत खर्च | २५००००० | पच्चीस लाख | राजस्व-संघ |
| १२ | बिमा तथा नविकरण खर्च | ५००००० | पाँच लाख | राजस्व-संघ |
| १३ | मेसिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ५००००० | पाँच लाख | राजस्व-संघ |
| १४ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ५००००० | पाँच लाख | राजस्व-संघ |
| १५ | मसलन्द तथा कार्यालय सामग्री | २०००००० | बीस लाख | राजस्व-संघ |
| १६ | इन्धन अन्य प्रयोजन-बाटो मर्मतका लागि | १५००००० | पन्ध्र लाख | राजस्व-संघ |
| १७ | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | ७००००० | सात लाख | राजस्व-संघ |
| १८ | सेवा र परामर्श खर्च | १०००००० | दश लाख | राजस्व-संघ |
| १९ | कर्मचारी तालिम तथा गोष्ठी | २००००० | दुई लाख | राजस्व-संघ |
| २० | विभिन्न दिवस/कार्यक्रम सञ्चालन/घोषणा/ भवन उद्घाटन खर्च (शिक्षा, संविधान, निजामति, ध्वज लगायत विविध) | ५००००० | पाँच लाख | राजस्व-संघ |
| २१ | विभिन्न शिविर सञ्चालन | ५००००० | पाँच लाख | राजस्व-संघ |
| २२ | गाउँपालिकाको कार्यालय सूचना प्रविधि सुदृढिकरण तथा इन्टरनेट जडान | ५००००० | पाँच लाख | राजस्व-संघ |
| २३ | राजपत्र, क्यालेन्डर तथा गाउँपालिका डायरी छपाई | ३००००० | तीन लाख | राजस्व-संघ |
| २४ | सिलि सांस्कृतिक संरक्षण कार्यक्रम | १००००० | एक लाख | राजस्व-संघ |
| २५ | संस्कृति/कला/साहित्य/संगित प्रवर्धन कार्यक्रम | ६००००० | छ लाख | राजस्व-संघ |
| २६ | वडागत प्रशासनिक खर्च (५ लाखका दरले) | ३५००००० | पैंतीस लाख | राजस्व-संघ |
| २७ | करार सेवा शुल्क | २५०००००० | दुई करोड पचास लाख | राजस्व-संघ |
| २८ | विविध कार्यक्रम खर्च | २००००० | दुई लाख | राजस्व-संघ |

| | | | | |
|---|---|---|---|---|
| २९ | अनुगमन मूल्यांकन खर्च | २००००० | दुई लाख | राजस्व-संघ |
| ३० | भ्रमण खर्च | ९२९००० | नौ लाख उनतीस हजार | राजस्व-संघ |
| ३१ | विविध खर्च | १०००००० | दश लाख | राजस्व-संघ |
| ३२ | अन्य भ्रमण खर्च (अवलोकन भ्रमण तथा विविध) | ५००००० | पाँच लाख | राजस्व-संघ |
| ३३ | अतिथि सत्कार तथा सभा सञ्चालन खर्च | ५००००० | पाँच लाख | राजस्व-संघ |
| ३४ | घरभाडा | ५००००० | पाँच लाख | राजस्व-संघ |
| ३५ | अन्य भाडा (ढुवानी, बाटो सरसफाईका लागि ट्याक्टर भाडा लगायत अन्य) | ५००००० | पाँच लाख | राजस्व-संघ |
| ३६ | स्थानीय पाठ्यपुस्तक निर्माण तथा छपाई | १०००००० | दश लाख | राजस्व-संघ |
| ३७ | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता | ५००००० | पाँच लाख | राजस्व-संघ |
| ३८ | गाउँपालिकामा संचालित विभिन्न प्रणालीहरुको नविकरण शुल्क | १००००० | एक लाख | राजस्व-संघ |
| ३९ | शैक्षिक छात्रवृत्ति कार्यक्रम | ५००००० | पाँच लाख | राजस्व-संघ |
| ४० | गाउँपालिका डकुमेन्ट्री निर्माण | १०००००० | दश लाख | राजस्व-संघ |
| ४१ | विपद उद्दार तथा प्रतिकार्य सम्बन्धी पालिका प्रहरीलाई तालिम | १००००० | एक लाख | राजस्व-संघ |
| ४२ | विपद उद्दार तथा प्रतिकार्य सामाग्री खरिद | २००००० | दुई लाख | राजस्व-संघ |
| ४३ | रोजगार सिप र उद्यमशिलता केन्द्र व्यवस्थापन तथा कार्यक्रम संचालन | ५००००० | पाँच लाख | राजस्व-संघ |
| ४४ | गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम साझेदारी/एडभान्स सीप विकास/लघु उद्यम सिर्जना/प्रविधि हस्तान्तरण | २००००० | दुई लाख | राजस्व-संघ |
| ४५ | आन्तरिक रोजगारी प्रवर्द्धन कार्यक्रम | ५००००० | पाँच लाख | राजस्व-संघ |
| ४६ | बायोमेट्रिक डिभाईस खरिद | २००००० | दुई लाख | राजस्व-संघ |
| ४७ | जेष्ठ नागरीक सम्मान कार्यक्रम | ३००००० | तीन लाख | राजस्व-संघ |
| ४८ | आवसीय विद्यालय व्यवस्थापन | ६००००० | छ लाख | राजस्व-संघ |
| ४९ | पुर्खेल भाषा संस्कार/संस्कृति प्रवर्द्धन | ५००००० | पाँच लाख | राजस्व-संघ |
| ५० | खामडाँडा तरकारी खेती विस्तार | १००००० | एक लाख | राजस्व-संघ |
| ५१ | खेलकुद कार्यक्रम | १३००००० | तेह्र लाख | राजस्व-संघ |
| ५२ | कर्मचारी प्रोत्साहन भत्ता | २००००० | दुई लाख | राजस्व-संघ |
| ५३ | महिला स्वास्थ्य स्वयम सेविका सेवा सुविधा | १४५०००० | चौध लाख पैँचास हजार | राजस्व-संघ |
| ५४ | राष्ट्रिय रोजगार कार्यक्रममा कर्मचारीहरुको स्थानिय भत्ता (निरन्तरता) | २००००० | दुई लाख | राजस्व-संघ |
| ५५ | विपद व्यवस्थापन कोष | १३००००० | तेह्र लाख | राजस्व-संघ |
| ५६ | अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम (साझेदारी) | १५२५००० | पन्ध्र लाख पच्चीस हजार | राजस्व-संघ |
| ५७ | गाउँपालिका भित्र विधुतीय हाजिर खरिद/जडान | ८००००० | आठ लाख | राजस्व-संघ |
| ५८ | स्वास्थ्य संस्थाका लागि औषधी खरिद | १५००००० | पन्ध्र लाख | राजस्व-संघ |
| ५९ | आधारभूत अस्पतालमा कार्यरत कर्मचारीहरुको पारिश्रमिक | १५००००० | पन्ध्र लाख | राजस्व-संघ |
| ६० | आधारभूत अस्पतालका लागि औषधि तथा सर्जिकल खरिद | १०००००० | दश लाख | राजस्व-संघ |
| ६१ | स्वास्थ्य संस्थाका लागि सर्जिकल सामग्री खरिद | १०००००० | दश लाख | राजस्व-संघ |

| | | | | |
|---|---|---|---|---|
| ६२ | उपभोक्ता समिति कार्यक्रम | २५००००० | पच्चीस लाख | समानिकरण-संघ |
| ६३ | विपन्न नागरिकका लागि जीवन निर्वाह भत्ता | १६०००००० | एक करोड साठी लाख | समानिकरण-संघ |
| ६४ | स्वयंसेवक शिक्षक, कम्प्युटर शिक्षक, बा. वि. के.थप, का. स., थप, लेखा थप तलब | २०००००० | बीस लाख | समानिकरण-संघ |
| ६५ | विपन्न नागरिकका लागि जीवन निर्वाह भत्ता | ९०००००० | नब्बे लाख | आन्तरिक श्रोत |
| ६६ | स्वयंसेवक शिक्षक, कम्प्युटर शिक्षक, बा. वि. के.थप, का. स., थप, लेखा थप तलब | १२०००००० | एक करोड बीस लाख | आन्तरिक श्रोत |
| ६७ | कर्मचारी प्रोत्साहन भत्ता | ५८००००० | अठाउन्न लाख | आन्तरिक श्रोत |
| ६८ | खेलकुद कार्यक्रम | २००००० | दुई लाख | आन्तरिक श्रोत |
| ६९ | निजी सचिव/स्वकीय सचिव पारिश्रमिक | ५००००० | पाँच लाख | आन्तरिक श्रोत |
| ७० | गाउँपालिका प्रहरी अवकाश कोष | ४४०००० | चार लाख चालीस हजार | आन्तरिक श्रोत |
| ७१ | प्र.अ भत्ता थपलाई निरन्तरता | १६५००० | एक लाख पैसट्ठी हजार | आन्तरिक श्रोत |
| ७२ | डिजिटल नागरिक बडापत्र (भुक्तानी दिन बाँकि) | ५००००० | पाँच लाख | आन्तरिक श्रोत |
| ७३ | दलित वर्ग कार्यक्रम, दलित बस्ती नं ४ (भुक्तानी दिन बाँकि) | १००००० | एक लाख | आन्तरिक श्रोत |
| ७४ | दलित वर्ग कार्यक्रम, जनजाति बस्ती नं ४ (भुक्तानी दिन बाँकि) | १००००० | एक लाख | आन्तरिक श्रोत |
| ७५ | पशुपति रविन्द्र लिम्बु,ताम्बे (भुक्तानी दिन बाँकि) | २०००० | बिस हजार | आन्तरिक श्रोत |
| ७६ | विपन्न वर्ग [illegible] सहयोग अनुदान (भुक्तानी दिन बाँकि) | १५०००० | एक लाख पचास हजार | आन्तरिक श्रोत |
| ७७ | शैक्षिक योजना तथा गाउँ शिक्षा योजना निर्माण (भुक्तानी दिन बाँकि) | ३००००० | तीन लाख | आन्तरिक श्रोत |
| ७८ | खेलकुद कार्यक्रम (भुक्तानि दिन बाँकि) | २००००० | दुई लाख | आन्तरिक श्रोत |
| ७९ | कार्यरत भएको घर भाडा भुक्तानी दिन बाँकि | २००००० | दुई लाख | आन्तरिक श्रोत |
| ८० | इन्धन तथा सवारी साधन मर्मत (भुक्तानी दिन बाँकि) | ६५०००० | छ लाख पचास हजार | आन्तरिक श्रोत |
| ८१ | सूचना तथा पत्रपत्रिका छपाई (भुक्तानि दिन बाँकि) | ४००००० | चार लाख | आन्तरिक श्रोत |
| ८२ | गाउँपालिका एडुप महासंघलाई आ.व. २०८२/८३ को भुक्तानी दिन बाँकि | ३०००० | तिस हजार | आन्तरिक श्रोत |
| ८३ | माटो संरक्षणका लागि उपकरण खरिद (क्रमागत) | ५००००० | पाँच लाख | आन्तरिक श्रोत |
| ८४ | आवासीय विद्यालय व्यवस्थापन, ताम्बे (भुक्तानी दिन बाँकि) | ५००००० | पाँच लाख | आन्तरिक श्रोत |
| ८५ | बिउ उत्पादन कार्यक्रम, [illegible] (भुक्तानी दिन बाँकि) | १००००० | एक लाख | आन्तरिक श्रोत |
| | जम्मा चालु योजना तथा कार्यक्रम | १३८५९१००० | तेह्र करोड पचासी लाख उनन्साठी हजार | |

गाउँ कार्यपालिकाको कार्यालय
याङसोलाटार, खोटाङ
कोशी प्रदेश, नेपाल

आ.व. २०८३/८४ को वडास्तरीय योजना

| क्र.सि.नं. | बजेट शीर्षक | खर्च शीर्षक नं | विनियोजित बजेट | रकम अक्षरमा | स्रोत |
|---|---|---|---|---|---|
| अनुसूचि ५ | | | | | |
| वडा नं १ | | | | | |
| | चालू कार्यक्रम | | | | |
| १.०१ | विपर्द व्यवस्थापन | | २००,०००.०० | दुई लाख | समानिकरण-संघ |
| १.०२ | लक्षित वर्ग कार्यक्रम | | ३००,०००.०० | तीन लाख | समानिकरण-संघ |
| १.०३ | कार्यालय व्यवस्थापन | | १७५,०००.०० | एक लाख पचहत्तर हजार | समानिकरण-संघ |
| | पूँजीगत आयोजना | | | | |
| १.०४ | वडा कार्यालय गाईखाने लहरेपर्यु सडक मर्मत | | ९००,०००.०० | नौ लाख | समानिकरण-संघ |
| १.०५ | बसुवा सडक मर्मत | | १५०,०००.०० | एक लाख पचास हजार | समानिकरण-संघ |
| १.०६ | आरुबोटे रातमाटा सडक मर्मत | | ३००,०००.०० | तीन लाख | समानिकरण-संघ |
| १.०७ | भप्मे ठुलटार खा.पा. मर्मत | | १५०,०००.०० | एक लाख पचास हजार | समानिकरण-संघ |
| १.०८ | देउराली रोड पहिरो मर्मत | | १५०,०००.०० | एक लाख पचास हजार | समानिकरण-संघ |
| १.०९ | मोटेनी खोला हिउँदे सिचाई योजना | | २००,०००.०० | दुई लाख | समानिकरण-संघ |
| जम्मा | | | २,५२५,०००.०० | पच्चीस लाख पच्चीस हजार | |

... गाउँ कार्यपालिकाको कार्यालय

याङसोलाटार, खोटाङ

कोशी प्रदेश, नेपाल

आ.व. २०८३/८४ को वडास्तरीय योजना

| वडा नं २ | | | | | |
|---|---|---|---|---|---|
| ब.शि.नं. | बजेट शीर्षक | खर्च शीर्षक नं | विनियोजित बजेट | रकम अक्षरमा | |
| | चालू कार्यक्रम | | | | |
| २.०१ | विपद व्यवस्थापन | | २००,०००.०० | दुई लाख | समानिकरण-संघ |
| २.०२ | लक्षित वर्ग कार्यक्रम | | ३००,०००.०० | तीन लाख | समानिकरण-संघ |
| २.०३ | वडा कार्यालय व्यवस्थापन | | २०८,०००.०० | दुई लाख आठ हजार | समानिकरण-संघ |
| | पूँजीगत योजना | | | | |
| २.०४ | कोप्चे-नागढुङ्गा नयाँ सडक | | १५०,०००.०० | एक लाख पचास हजार | समानिकरण-संघ |
| २.०५ | सहिदपार्क खानेपानी व्यवस्थापन | | १५०,०००.०० | एक लाख पचास हजार | समानिकरण-संघ |
| २.०६ | ओखे खेलमैदानमा ट्रस निर्माण | | १५०,०००.०० | एक लाख पचास हजार | समानिकरण-संघ |
| २.०७ | धोविधारा देविथान पार्टी निर्माण | | १००,०००.०० | एक लाख | समानिकरण-संघ |
| २.०८ | भालुखोला जालिवाल | | १५०,०००.०० | एक लाख पचास हजार | समानिकरण-संघ |
| २.०९ | ओखे छितापोखरी सडक स्तरोन्नती | | ९००,०००.०० | नौ लाख | समानिकरण-संघ |
| २.१० | टिमुरे खानेपानी धारा निर्माण | | २००,०००.०० | दुई लाख | समानिकरण-संघ |
| | जम्मा | | २,५०८,०००.०० | पच्चीस लाख आठ हजार | |

गाउँ कार्यपालिकाको कार्यालय
याङसोलाटार, खोटाङ
कोशी प्रदेश, नेपाल

## आ.व. २०८३/८४ को वडास्तरीय योजना

| वडा नं ३ | | | | | |
|---|---|---|---|---|---|
| ब.शि.नं. | बजेट शीर्षक | खर्च शीर्षक नं | विनियोजित बजेट | रकम अक्षरमा | |
| | चालू कार्यक्रम | | | | |
| ३.०१ | खेलकुद कार्यक्रम | | १००,०००.०० | एक लाख | समानिकरण-अनु |
| ३.०२ | वडा पार्श्व चित्र | | १००,०००.०० | एक लाख | समानिकरण-अनु |
| ३.०३ | विपद व्यवस्थापन | | २००,०००.०० | दुई लाख | समानिकरण-अनु |
| ३.०४ | लक्षित वर्ग कार्यक्रम | | ३००,०००.०० | तीन लाख | समानिकरण-अनु |
| | पूँजीगत योजना | | | | |
| ३.०५ | याङसोला, करुई कृषि सडक | | ९००,०००.०० | नौ लाख | समानिकरण-अनु |
| ३.०६ | महिला सञ्जाल छोरम्बु | | १५०,०००.०० | एक लाख पचास हजार | समानिकरण-अनु |
| ३.०७ | कोलवोटे कुलो बुईखुवा मर्मत | | १००,०००.०० | एक लाख | समानिकरण-अनु |
| ३.०८ | रानाबारी देविथान मन्दिर मर्मत | | १००,०००.०० | एक लाख | समानिकरण-अनु |
| ३.०९ | सिद्धथान मन्दिर व्यवस्थापन | | १००,०००.०० | एक लाख | समानिकरण-अनु |
| ३.१० | भुजेल सामुदायिक भवन व्यवस्थापन | | १००,०००.०० | एक लाख | समानिकरण-अनु |
| ३.११ | मैदालुङ टोल गोरेटो बाटो मर्मत | | १५०,०००.०० | एक लाख पचास हजार | समानिकरण-अनु |
| ३.१२ | पिप्ले आमा समुह व्यवस्थापन | | १००,०००.०० | एक लाख | समानिकरण-अनु |
| ३.१३ | लालिगुरास आमा समुह व्यवस्थापन | | १००,०००.०० | एक लाख | समानिकरण-अनु |
| ३.१४ | दार्मे भन्ज्याङ घोरेटो बाटो निर्माण | | १००,०००.०० | एक लाख | समानिकरण-अनु |
| ३.१५ | किरातेश्वर मन्दिर निर्माण | | १५०,०००.०० | एक लाख पचास हजार | समानिकरण-अनु |
| | जम्मा | | २,३५०,०००.०० | तेईस लाख पचास हजार | |

[illegible] कार्यपालिकाको कार्यालय
[illegible], भोटाङ
कोशी प्रदेश, नेपाल

## आ.व. २०८३/८४ को वडास्तरीय योजना

| वडा नं ४ | | | | | |
|---|---|---|---|---|---|
| ब.शि.नं. | बजेट शीर्षक | खर्च शीर्षक नं | विनियोजित बजेट | रकम अक्षरमा | |
| | चालू कार्यक्रम | | | | |
| ४.०१ | विपद व्यवस्थापन | | २००,०००.०० | दुई लाख | समानिकरण-बाट |
| ४.०२ | लक्षित वर्ग कार्यक्रम-दलित | | १००,०००.०० | एक लाख | समानिकरण-बाट |
| ४.०३ | लक्षित वर्ग कार्यक्रम-जनजाती | | १००,०००.०० | एक लाख | समानिकरण-बाट |
| ४.०४ | लक्षित वर्ग कार्यक्रम-महिला | | १००,०००.०० | एक लाख | समानिकरण-बाट |
| ४.०५ | कुटानी पिसानी मिल खरिद | | ८००,०००.०० | आठ लाख | समानिकरण-बाट |
| ४.०६ | वडा कार्यालय व्यवस्थापन | | २४२,०००.०० | दुई लाख बयालीस हजार | समानिकरण-बाट |
| ४.०७ | टनेला खरिद | | १,०००,०००.०० | दश लाख | समानिकरण-बाट |
| ४.०८ | थ्रेसर खरिद | | ३००,०००.०० | तीन लाख | समानिकरण-बाट |
| | पूँजीगत योजना | | | | |
| ४.०९ | वृकेश्वर मन्दिर बाटो मर्मत | | २००,०००.०० | दुई लाख | समानिकरण-बाट |
| ४.१० | भक्टेला खानेपानी निर्माण | | १००,०००.०० | एक लाख | समानिकरण-बाट |
| ४.११ | भण्डारी डाँडाँ बुखेम्मा डाँडा सडक निर्माण | | २००,०००.०० | दुई लाख | समानिकरण-बाट |
| ४.१२ | दमाई डाँडा खानेपानी मर्मत | | १००,०००.०० | एक लाख | समानिकरण-बाट |
| जम्मा | | | ३,४४२,०००.०० | चौतीस लाख बयालीस हजार | |

...कार्यपालिकाको कार्यालय

पाङसोलाटार, खोटाङ

कोशी प्रदेश, नेपाल

## आ.व. २०८३/८४ को वडास्तरीय योजना

| वडा नं ५ | | | | | |
|---|---|---|---|---|---|
| व.शि.नं. | बजेट शीर्षक | खर्च शीर्षक नं | विनियोजित बजेट | रकम अक्षरमा | |
| | चालू कार्यक्रम | | | | |
| ५.०१ | विपद व्यवस्थापन | | २००,०००.०० | दुई लाख | समानिकरण-संघ |
| ५.०२ | खेलकुद कार्यक्रम | | १००,०००.०० | एक लाख | समानिकरण-संघ |
| ५.०३ | लक्षित वर्ग | | ३००,०००.०० | तीन लाख | समानिकरण-संघ |
| | पुजिगत आयोजना | | | | |
| ५.०४ | तृतीया पञ्चमी सडक स्तरोन्नती | | ९००,०००.०० | नौ लाख | समानिकरण-संघ |
| ५.०५ | सरस्वती मा.वि. वाल निर्माण (डाँडाखर्क) | | २००,०००.०० | दुई लाख | समानिकरण-संघ |
| ५.०६ | सरस्वती मा.वि. वाल निर्माण (कुलागाउँ) | | १००,०००.०० | एक लाख | समानिकरण-संघ |
| ५.०७ | सालघारी मलामी खानेपानी निर्माण | | २००,०००.०० | दुई लाख | समानिकरण-संघ |
| ५.०८ | जनचेतना आ.वि. भित्तेलेखन तथा व्यवस्थापन | | १००,०००.०० | एक लाख | समानिकरण-संघ |
| ५.९० | भालुखोला वाल निर्माण | | १५०,०००.०० | एक लाख पचास हजार | समानिकरण-संघ |
| ५.१० | तृतीया पालिका सडक स्तरोन्नती | | ३००,०००.०० | तीन लाख | समानिकरण-संघ |
| ५.११ | थापागाउँ रसुवादोभान गोरेटो बाटो मर्मत | | १५०,०००.०० | एक लाख पचास हजार | समानिकरण-संघ |
| ५.१२ | जलकन्या देवीथान घेरावार | | १००,०००.०० | एक लाख | समानिकरण-संघ |
| ५.१३ | दाहाल प्रतिष्ठान ट्याङ्की निर्माण | | १००,०००.०० | एक लाख | समानिकरण-संघ |
| | जम्मा | | २,९००,०००.०० | उनन्तीस लाख | |

...गाउँ कार्यपालिकाको कार्यालय
याङसीलाटार, खोटाङ
कोशी प्रदेश, नेपाल

## आ.व. २०८३/८४ को वडास्तरीय योजना

| वडा नं ६ | | | | | |
|---|---|---|---|---|---|
| ब.शि.नं. | बजेट शीर्षक | खर्च शीर्षक नं | विनियोजित बजेट | रकम अक्षरमा | |
| | चालु कार्यक्रम | | | | |
| ६.०१ | विपद व्यवस्थापन | | २००,०००.०० | दुई लाख | समानिकरण-संघ |
| ६.०२ | लक्षित वर्ग कार्यक्रम | | ३००,०००.०० | तीन लाख | समानिकरण-संघ |
| | पूँजीगत योजना | | | | |
| ६.०३ | दिहु सडक ग्रामेल | | १,२००,०००.०० | बाह्र लाख | समानिकरण-संघ |
| ६.०४ | टुबा खोला पुल | | १५०,०००.०० | एक लाख पचास हजार | समानिकरण-संघ |
| ६.०५ | धिप्लुङ खोला पुल | | २५०,०००.०० | दुई लाख पचास हजार | समानिकरण-संघ |
| ६.०६ | टुबा खोला घाट ट्रस भवन निर्माण | | २९१,०००.०० | दुई लाख एकानब्बे हजार | समानिकरण-संघ |
| ६.०७ | धिप्लुङ्ग खोला घाट ट्रस भवन निर्माण | | २३०,०००.०० | दुई लाख तीस हजार | समानिकरण-संघ |
| ६.०८ | पञ्चकन्या प्रा.वि. सरस्वती मन्दिर निर्माण | | ११०,०००.०० | एक लाख दश हजार | समानिकरण-संघ |
| | जम्मा | | २,७३१,०००.०० | सत्ताईस लाख एकतीस हजार | |

याङसोलाटार, खोटाङ

कोशी प्रदेश, नेपाल

## आ.ब. २०८३/८४ को वडास्तरीय योजना

| वडा नं ७ | | | | | |
|---|---|---|---|---|---|
| ब.शि.नं. | बजेट शीर्षक | खर्च शीर्षक नं | विनियोजित बजेट | रकम अक्षरमा | |
| | चालू कार्यक्रम | | | | |
| ७.०१ | विपद व्यवस्थापन | | २००,०००.०० | दुई लाख | समानिकरण-संघ |
| ७.०२ | लक्षित वर्ग कार्यक्रम | | ३००,०००.०० | तीन लाख | समानिकरण-संघ |
| ७.०३ | वडा कार्यालय व्यवस्थापन | | ३००,०००.०० | तीन लाख | समानिकरण-संघ |
| | पुजिगत आयोजना | | | | |
| ७.०४ | टेम्म सडक ग्रावेल | | १,३००,०००.०० | तेह लाख | समानिकरण-संघ |
| ७.०५ | टेम्मा वडा कार्यालय जाने सडक | | ६००,०००.०० | छ लाख | समानिकरण-संघ |
| ७.०६ | सम्वोटे खानेपानी योजना | | २२०,०००.०० | दुई लाख बीस हजार | समानिकरण-संघ |
| ७.०७ | सडक मर्मत | | २२९,०००.०० | दुई लाख उनन्तीस हजार | समानिकरण-संघ |
| | जम्मा | | ३,१४९,०००.०० | एकतीस लाख उनन्चास हजार | |
| | सबै वडाको कुल जम्मा बजेट | | २०,००५,०००.०० | दुई करोड पाँच हजार | |
| | | | | | |

अनुसूची -६

संघीय सरकार-सशर्त अनुदान पूँजीगत

| क्र.सं. | क्षेत्र | परियोजना | रकम | रकम अक्षरमा |
|---|---|---|---|---|
| १ | पुल | टुवाखोला झोलुङ्गे पुल | १,०००,००० | दश लाख |
| २ | पूर्वाधार | स्वीकृत गुरुयोजनाका आधारमा साझेदारीमा विद्यालय पुर्वाधार विकास | ३,०००,००० | तीस लाख |
| | | जम्मा | ४,०००,००० | चालीस लाख |

CamScanner

अनुसूची -७

प्रदेश सरकार-सशर्त अनुदान

| क्षेत्र | परियोजना | रकम | रकम अक्षरमा |
|---|---|---|---|
| कृषि | टिम्मुर खेति क्षेत्र विकास कार्यक्रम दिप्रुङ चुइचुम्मा ५ वासिलुम खोटाङ | ५००,००० | पाँच लाख |
| कृषि | अलैंची खेति प्रवर्द्धन योजना दिप्रुङ चुइचुम्मा ५ कुल्लागाउँ खोटाङ | ५००,००० | पाँच लाख |
| कृषि | अलैंची खेति प्रवर्द्धन योजना दिप्रुङ चुइचुम्मा १ बालाङ खोटाङ | ५००,००० | पाँच लाख |
| कृषि | प्राङ्गारिक खेति प्रवर्द्धन गर्न प्राङ्गारिक/जैविक मल अनुदान कार्यक्रम | ७००,००० | सात लाख |
| कृषि | पशुपन्छी खोप कार्यक्रम संचालन व्यवस्थापन | ४५,००० | पैंतालीस हजार |
| सामाजिक | अपाङ्गता रोकथाम तथा पुनःस्थापन कार्यक्रम | १,२२२,००० | बाह्र लाख बाईस हजार |
| सामाजिक | लैङ्गिक हिंसा निवारणका लागि संरक्षण कोष | १००,००० | एक लाख |
| पूर्वाधार | खेल मैदान जाली बाल निर्माण स.मा.वि. डाडाखर्क दिप्रुङ चुइचुम्मा ५ खोटाङ | १,०००,००० | दश लाख |
| पूर्वाधार | पंचमी खेल मैदान निर्माण योजना दिप्रुङ चुइचुम्मा ५ खोटाङ | ८००,००० | आठ लाख |
| | जम्मा | ५,३६७,००० | त्रिपन्न लाख सड्सठी हजार |

## अनुसूची- ८

## संघ र प्रदेश सरकारको समपुरक र विशेष अनुदान

| क्षेत्र/कार्यक्रम | परियोजना/कार्यक्रम | स्रोत | रकम | रकम अक्षरमा |
|---|---|---|---|---|
| सडक | रमाइलो-पंचमी बजार-छितापोखरी-काल्सिङ खोला | समपुरक अनुदान-संघ | १,०५,००,००० | एक करोड पाँच लाख |
| सडक | भण्डारे खिसाखा प्लस टु सडक | समपुरक अनुदान-संघ | ९६,००,००० | छयानब्बे लाख |
| भवन | विद्यालयहरुका लागि शौचालय, खानेपानी र घेराबार मर्मत | विशेष अनुदान-संघ | १,००,००,००० | एक करोड |
| सडक | रमाइलो-पंचमी बजार-छितापोखरी-काल्सिङ खोला | समपुरक अनुदान-प्रदेश | १,६०,००,००० | एक करोड साठी लाख |
| | | | | |

दिप्रुङ चुइचुम्मा गाउँपालिकाको १९औं गाउँ सभाको दोस्रो बैठकबाट मिति २०८३/०३/२७ गते पारित भएको दिप्रुङ चुइचुम्मा गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रम,२०८३/८४ प्रमाणित गरेको छु ।

लोकेन्द्र राई
गाउँपालिका अध्यक्ष